# कुवेर मर्चेण्ट फाईनान्स कम्पनी पुतलीसडक, काठमाडौंलाई समस्याग्रस्त वित्तीय संस्था घोषणा गरिएको बारे नेपाल राष्ट्र बैंकको सूचना

कुवेर मर्चेण्ट फाईनान्स लिमिटेडको २०६८ चैत्र मसान्तको अपरिष्कृत वित्तीय विवरणको आधारमा मिति २०६९/१/३१ देखि २०६९/२/४ सम्म गरिएको विशेष निरीक्षण प्रतिवेदन, २०६९ अनुसार संस्थाले तरलता समस्याको कारण निर्देशन बमोजिमको अनिवार्य मौज्दात अनुपात र वैधानिक तरलता अनुपात कायम गर्न नसकेको, कतिपय संस्थाको भुक्तानी अवधि समाप्त भएका मुद्दति निक्षेपको रकम समेत भुक्तानी गर्न नसकी चरम तरलता संकटबाट गुज्रिरहेको, संस्थामा निरीक्षण गरिएका कर्जाहरुको अधिकांश धितो कमसल रहेको, संस्थाका ऋणी वास्तविक ऋणीहरु हुन भनी निजहरुको आर्थिक लगायत अन्य हैसियतले प्रमाणित गर्नसक्ने आधार नदेखिएको, संस्थाको करिब ४० प्रतिशत कर्जा एउटै समूहमा गएको हुनसक्ने देखिएको लगायत नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ तथा यस बैंकले तोकिदिएको निर्देशन बमोजिमको न्यूनतम पूँजीकोष कायम गर्न नसकेको, विगतमा औल्याईएका कैफियतहरु सुधार हुनुपर्नेमा अध्यावधि कायम रहेको तथा २०६९ आश्विनको अपरिष्कृत वित्तीय विवरणको आधारमा गरिएको समष्टिगत स्थलगत निरीक्षणको प्रारम्भिक प्रतिवेदनबाट समेत संस्था सुधार तर्फ उन्मुख हुन नसकी वित्तीय रुपमा कमजोर हुँदै गई सम्पत्तिको गुणस्तर खस्कँदै गएको साथै, सुपरिवेक्षकीय समायोजन पश्चात् संचालक सम्बद्ध व्यक्ति तथा संस्थाहरुलाई प्रवाहित कर्जा रु.२० करोड ७२ लाख ३४ हजार सुपरिवेक्षकीय आधारमा प्राथमिक पूँजीबाट घटाउँदा संस्थाको पूँजीकोष रु.३९,६५,१७ हजार (२०.०८ प्रतिशत) ले ऋणात्मक हुन गएको, संस्थाको वित्तीय स्थिति थप नाजुक हुँदै गई संस्था, लगानीकर्ता, सरोकारवाला तथा निक्षेपकर्ताहरु थप जोखिममा पर्नसक्ने अवस्था विद्यमान रहेको र यस बैंकबाट सोधिएको स्पष्टीकरण सम्बन्धमा संस्थाले पेश गरेको स्पष्टिकरणको जवाफ समेत सन्तोषजनक एवं पूर्ण नदेखिएकोले उक्त संस्थालाई बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०६४ को विनियम ३ को खण्ड (ङ) को (अ) अनुसार कारवाही गर्न तथा निर्देशन दिन र सोही विनियम ३ को खण्ड (ङ) को (आ) अनुसार उक्त संस्थालाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ख बमोजिम समस्याग्रस्त वित्तीय संस्था घोषणा गरी सोही ऐनको दफा ८६ग अनुसार समास्याग्रस्त भएको मितिदेखि ६ महिना भित्रमा पालना गर्ने गरी निर्देशन दिइएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

निर्देशनहरु

१. यस बैंकको निर्देशन बमोजिम पूँजीकोष कायम गर्न ।
२. निक्षेप संकलन एवं नबीकरण नगर्न ।
३. थप कर्जा तथा जमानत प्रदान नगर्न ।
४. भाखा म्याद पुगेका एवं फिर्ता भक्तानी गर्नुपर्ने निक्षेप फिर्ता गर्न । तर, रु. दुई लाख भन्दा बढी निक्षेप वा दायित्व रकम भुक्तानी गर्दा यस बैंकको स्वीकृति लिन ।
५. नयाँ शाखा नखोल्न ।
६. यस बैंकको स्वीकृति बिना स्थिर सम्पत्ति खरिद वा बिक्री नगर्न ।
७. संचालकको भत्ता तथा सुविधा एवं कर्मचारीको तलब भत्ता एवं अन्य आर्थिक सुविधा बृद्धि नगर्न ।
८. यस बैंकको स्वीकृति बिना नयाँ कर्मचारी भर्ना तथा बढुवा नगर्न ।

९. निष्कृय कर्जाको अनुपात ५ प्रतिशतभन्दा तल ल्याउन ।
१०. लाभांश घोषणा वा वितरण नगर्न ।
११. संस्थागत सुशासन, आन्तरिक नियन्त्रण प्रणाली र जोखिम व्यवस्थापनको समुचित व्यवस्था मिलाउन ।
१२. हरहिसाब तथा श्रेस्ता दुरुस्त राखी यस बैंकलाई सही तथ्य जानकारी गराउन ।
१३. संस्थाको सम्पत्ति, दायित्व र अन्य वित्तीय परिसूचकहरुको यथार्थपरक मूल्याकंन गर्नका लागि अविलम्ब Due Diligence Audit ( DDA) गरी सो को प्रतिवेदन पेश गर्न ।